अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरू

# फ्यासिलिटिज प्रबन्धकको लागि ह्यान्डबुक

～स्वास्थ्य प्रवर्धन ऐन तथा टोकियो महानगर अरूले पिएको चुरोटको धुँवाको असर निवारण अधिनियम～

(तेस्रो संस्करण)




KENKO FIRST TOKYO


TOKYO METROPOLITAN GOVERNMENT

# 1 अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरूको उद्देश्य

जापानमा **अरूले पिएको चुरोटको धुँवाले गर्दा मर्नेहरूको सङ्ख्या हरेक वर्ष अन्दाजी लगभग 15 हजार** भनिएको छ अनि अरूले पिएको चुरोटको धुँवा फोक्सो क्यान्सर, इस्केमिक हृदय रोग आदि विभिन्न रोगसँग सम्बन्धित भएको कुरा स्पष्ट भएको छ।*

आफ्नो इच्छाले अरूले पिएको चुरोटको धुँवाबाट अलग रहन सकिने वातावरण बनाउनुको साथै अरूले पिएको चुरोटको धुँवाले स्वास्थ्यमा नराम्रो असर पर्नबाट पहिल्यै रोक्ने उद्देश्य राखेको उपायहरू राष्ट्र तथा महानगरमा ऐन तथा अधिनियम मार्फत अपनाउँदै आएका छन्।

चुरोट पिउनेहरूको वरपर रहेका मानिसहरूलाई लाग्न सक्ने क्यान्सर (लेभेल1 र लेभेल2)




＊लेभेल1बीचको सम्बन्ध अनुमान गर्न वैज्ञानिक प्रमाण पर्याप्त छ
लेभेल2वैज्ञानिक प्रमाणले बीचको सम्बन्ध संकेत गर्छ तर त्यो पर्याप्त छैन
स्रोत／राष्ट्रिय अनुसन्धान तथा विकास एजेन्सी राष्ट्रिय क्यान्सर अनुसन्धान केन्द्र क्यान्सर निवारण सूचना केन्द्र होमपेज "क्यान्सर सूचना सेवा"

*स्वास्थ्या, श्रम तथा कल्याण मन्त्रालय "धूम्रपान र स्वास्थ्य  धूम्रपानले स्वास्थ्यलाई दिने असरसम्बन्धी अनुसन्धान रिपोर्ट"(2016 साल)

# 2 स्वास्थ्य प्रवर्धन ऐन तथा टोकियो महानगर अरूले पिएको चुरोटको धुँवाको असर निवारण अधिनियम

## स्वास्थ्य प्रवर्धन ऐनबारे

"स्वास्थ्य प्रवर्धन ऐन" (तल "ऐन" भनिने।) धेरैले प्रयोग गर्ने फ्यासिलिटिज आदिको प्रकारअनुसार त्यसको प्रयोगकर्ताप्रति निश्चित ठाउँबाहेक धूम्रपान गर्न निषेध गर्नुका साथै फ्यासिलिटिज आदिको व्यवस्थापन अधिकारीले अपनाउनुपर्ने उपाय आदि निश्चित गर्न संशोधन गरेर 2020सालदेखि पूर्ण रूपमा कार्यान्वयन भएको छ।

## टोकियो महानगर अरूले पिएको चुरोटको धुँवाको असर निवारण अधिनियमबारे

2020 सालमा पूर्ण रूपमा कार्यान्वयन गरिएको "टोकियो महानगर अरूले पिएको चुरोटको धुँवाको असर निवारण अधिनियम" (तल "महानगर अधिनियम" भनिने।) **विशेषगरि स्वास्थ्यमा सजिलै असर पर्न सक्ने 20 वर्षभन्दा कम उमेरका** र **अरूले पिएको चुरोटको धुँवाबाट जोगिन गाह्रो हुने अवस्थामा भएको कर्मचारीलाई** अरूले पिएको चुरोटको धुँवाबाट जोगाउने दृष्टिकोणबाट महानगरले आफ्नो नियम तोकिदिएको छ।


यो ह्यान्डबुकमा ऐन तथा महानगर अधिनियमको आधारमा महानगरभित्रमा भएका फ्यासिलिटिजले पालन गर्नुपर्ने बुँदाबारे बताइएको छ।

# 3 व्यवस्थापन अधिकारी आदिको प्रमुख जिम्मेवारी

ऐन तथा महानगर अधिनियममा "व्यवस्थापन अधिकारी" भनेको फ्यासिलिटिज आदिको मर्मत आदि नियमअनुसार गर्न पाउने मालिक आदि अधिकार भएको व्यक्ति बुझिन्छ। अनि "व्यवस्थापक" भनेको व्यवस्थापन अधिकारीबाट छुट्टै वास्तविक तवरमा साइटको व्यवस्थापन गरिरहेको व्यक्ति बुझिन्छ। यी व्यवस्थापन अधिकारी र व्यवस्थापकलाई "व्यवस्थापन अधिकारी आदि" भनिन्छ।
व्यवस्थापन अधिकारी आदिसँग अरूले पिएको चुरोटको धुँवाको असर निवारण गर्ने जिम्मेवारी छ।

## ■धूम्रपानको सामान र सुविधा हटाउने

धूम्रपान गर्न नपाउने ठाउँमा धूम्रपान गर्ने सामान र सुविधा राख्नु हुँदैन।



## ■धूम्रपान गर्नेलाई धूम्रपान नगर्न आदि अनुरोध

धूम्रपान गर्न नपाउने ठाउँमा धूम्रपान गरिरहेको (वा धूम्रपान गर्न लागेको) व्यक्तिलाई धूम्रपान नगर्न वा त्यो ठाउँबाट निस्कन अनुरोध गर्ने प्रयास गर्नुपर्छ।



## ■साइन देखाउने

फ्यासिलिटिजभित्र धूम्रपान गर्न पाउने ठाउँ भएमा त्यसबारे धूम्रपान कक्ष र त्यो फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा साइन राख्नुपर्छ।




अनि **रेस्टुरेन्टले महानगर अधिनियमअनुसार रेस्टुरेन्टभित्र धूम्रपान निषेध गरिएको भएमा त्यसबारे साइन देखाउनुपर्छ।**

＊महानगरमा साइन स्टिकर वितरण गरिएको छ। अन्तिम पाना हेर्नुहोस्।

### ⚠उल्लङ्घन गरेमा

सार्वजनिक स्वास्थ्य केन्द्र आदि द्वारा निर्देशन・सल्लाह, सतर्कता・सार्वजनिक घोषणा・आदेश, स्थल निरीक्षण आदि* लगायत जरिवानाको दायरामा पर्न सक्छ। यो ह्यान्डबुकमा लेखिएका बुँदाहरू राम्रोसँग पालन गर्न अनुरोध गर्छौं।

*स्थल निरीक्षण आदि भनेको निम्न कुराहरूलाई बुझाउँछ। स्थल निरीक्षण आदि पनि व्यवस्थापन अधिकारी आदिको जिम्मेवारी हो।

- अरूले पिएको चुरोटको धुँवाको असर निवारण गर्नको लागि उयायहरू प्रयोगमा ल्याएको अवस्थाबारे रिपोर्ट गर्न लगाउने।
- महानगरको कर्मचारीले निश्चित फ्यासिलिटिज आदिमा प्रवेश गरि उक्त उपाय प्रयोगमा ल्याएको अवस्था र रेकर्डहरू निरीक्षण गर्ने।
- सम्बन्धित व्यक्तिहरूलाई प्रश्न गर्ने।

**रोजगारी सुरक्षा ऐन कार्यान्वयन नियमावलीअनुसार कामदार भर्ना गर्नेलाई उक्त फ्यासिलिटिजको अरूले पिउने चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरूको अवस्थाबारे कामदार खोज्ने बेलामा र आवेदन आएको बेलामा स्पष्टीकरण गर्ने दायित्व छ। अनि श्रम सुरक्षा तथा स्वास्थ्य ऐनमा पनि कोठाभित्र वा त्यस्तै वातावरणमा श्रमिकलाई अरूले पिउने चुरोटको धुँवाबाट जोगाउनको लागि काम गर्ने ठाउँअनुसारको उपयुक्त उपाय अपनाउन प्रयास गर्नुपर्ने छ।**

# 4 दायरामा पर्ने फ्यासिलिटिजको प्रकार

**फ्यासिलिटिजको भित्र* तताउने चुरोट समेत सिद्धान्ततः निषेध गरिएको छ। ऐन तथा महानगर अधिनियममा धूम्रपान निषेध नगरिएको ठाउँमा बाहेक चुरोट पिउन पाइँदैन।**

ऐन तथा महानगर अधिनियमको नियमावलीको दायरामा पर्ने फ्यासिलिटिज भनेको 2 जना वा सोभन्दा बढीले एउटै समयमा वा आउजाउ गरी प्रयोग गर्ने फ्यासिलिटिज हो अनि त्यसलाई निम्न 3 प्रकारमा छुट्याइनेछ।


यसबाहेक यात्रीहरूलाई यातायात सुविधा दिने हरेक प्रकारको सवारीसाधन पनि नियमावलीको दायरामा पर्नेछन्।

## टाइप 1 फ्यासिलिटिज

विद्यालय, अस्पताल, बालबालिका कल्याण संस्था, प्रशासन संस्थाको भवन आदि

- **इनसाइड पूर्ण धूम्रपान निषेध**
- **बाहिरी धूम्रपान सिद्धान्ततः निषेध**
  **(निर्दिष्ट बाहिरी धूम्रपान स्थलमा मात्र धूम्रपान गर्न पाइने)**
- **विद्यालय, नर्सरी आदिमा महानगर अधिनियमअनुसार निर्दिष्ट बाहिरी धूम्रपान स्थल नबनाउन प्रयास गर्ने दायित्व छ।**

➡P5-6 हेर्नुहोस्।




## टाइप 2 फ्यासिलिटिज

टाइप 1 फ्यासिलिटिज तथा धूम्रपान उद्देश्य फ्यासिलिटिज बाहेक धेरैले प्रयोग गर्ने फ्यासिलिटिज

- **इनसाइड धूम्रपान सिद्धान्ततः निषेध (धूम्रपान कक्ष・निर्दिष्ट चुरोट धूम्रपान कक्ष・धूम्रपान गर्न पाइने कक्षमा मात्र धूम्रपान गर्न पाइने)**
- बाहिर भने नियमावलीको दायरामा पर्दैन
  (ध्यान पुर्याउने दायित्व छ P4 )

➡P6 हेर्नुहोस्।




※रेस्टुरेन्टमा गरिने तरिकामा केही कुरा फरक हुन्छ।

➡P7 हेर्नुहोस्।

## धूम्रपान उद्देश्य फ्यासिलिटिज

धूम्रपान गर्ने ठाउँ उपलब्ध गर्नु नै प्रमुख उद्देश्य भएको फ्यासिलिटिज

- **इनसाइड धूम्रपान गर्न पाइन्छ (धूम्रपान उद्देश्य कक्षमा मात्र)**
- बाहिर भने नियमावलीको दायरामा पर्दैन
  (ध्यान पुर्याउने दायित्व छ P4 )

➡P12 हेर्नुहोस्।




बस, ट्याक्सी, हवाईजहाज, ट्रेन, जहाज ➡P12 हेर्नुहोस्।

नियमावली दायरा बाहिर・लागू नहुने

【नियमावली दायरा बाहिर】
・टाइप 1 फ्यासिलिटिजको कम्पाउन्डबाहेकको बाहिर*

【लागू नहुने】
・घर(बरण्डा, घरको आँगन आदि सहित।) आवासीय फ्यासिलिटिजको निजी कोठा आदि मानिस बसोबास गर्ने ठाउँ
・होटेल र र्योकान होटेल आदि आवास फ्यासिलिटिजको गेष्ट रूम(निजी कोठामात्र), ट्रेन र जहाजको आवासको लागि गेष्ट रूम

नियमावली दायरा बाहिर・लागू नहुने ठाउँमा पनि **धूम्रपान गर्ने अवस्थामा र फ्यासिलिटिजको व्यवस्थापन अधिकारीले धूम्रपान गर्न सक्ने ठाउँ निश्चित गर्ने अवस्थामा अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्ने गरी वरपरमा ध्यान दिनु दायित्व छ।**
साथै वडा नगरपालिका गाउँपालिका आफैले धूम्रपान नियम तोकेको हुनसक्छ। विस्तृत कुराहरू स्थानीय वडा, नगरपालिका, गाउँपालिकासँग पक्का गर्नुहोस्।

*फ्यासिलिटिजको भित्र भनेको ① छाना भएको अनि ② आधाभन्दा बढी भित्ता ढाकिएको भित्रको ठाउँ हो। यो लागू नहुने ठाउँ बाहिर पर्छ।

## लेख विभिन्न प्रकारको फ्यासिलिटिज भएमा के गर्ने?

**टाइप 1 फ्यासिलिटिजभित्र टाइप 1 फ्यासिलिटिजबाहेकको फ्यासिलिटिज भएमा**

फ्यासिलिटिजभित्र सबैलाई टाइप 1 फ्यासिलिटिजको नियमावली लागू हुन्छ।
(उदाहरण) विश्वविद्यालय वा अस्पतालको फ्यासिलिटिजभित्र रेस्टुरेन्ट(क्यान्टिन) भएमा रेस्टुरेन्टको स्पेसमा पनि टाइप 1 फ्यासिलिटिजको नियमावली लागू हुन्छ।
※ टाइप 1 फ्यासिलिटिज र टाइप 1 फ्यासिलिटिजबाहेकको फ्यासिलिटिज सँगै भएको तर प्रत्येक फ्यासिलिटिजको काम र प्रयोगकर्ता स्पष्ट छुट्टिएको अवस्थामा भने प्रत्येक छुट्टा छुट्टै फ्यासिलिटिजको रूपमा नियमावली लागू हुन्छ।

**एउटा फ्यासिलिटिजभित्र विभिन्न प्रकारको फ्यासिलिटिज भएमा**

सम्पूर्ण फ्यासिलिटिज टाइप 2 फ्यासिलिटिजमा वर्गीकरण गरिन्छ। फ्यासिलिटिजभित्र टाइप 1 फ्यासिलिटिज भएमा त्यो ठाउँमा मात्र टाइप 1 फ्यासिलिटिजको नियमावली लागू हुन्छ।
(उदाहरण) व्यवसायिक भवनभित्र क्लिनिक भएमा सम्पूर्ण भवन टाइप 2 फ्यासिलिटिज, क्लिनिक भएको ठाउँमा टाइप 1 फ्यासिलिटिजको नियमावली लागू हुन्छ।

## लेख साधारण सवारीसाधनको लागि नियमावली छ?


・फ्यासिलिटिजको कम्पाउन्डभित्र चलिरहेको भएमा एक छिनमा गइहाल्ने भएकोले नियमावलीको दायरामा पर्दैन। तर धूम्रपान गर्दा त्यसको धुँवाले असर नपार्ने वरपरको अवस्थामा ध्यान दिनुपर्छ।
・फ्यासिलिटिजको कम्पाउन्डभित्र पर्किङ्ग गरिरहेको अवस्थामा भने त्यो फ्यासिलिटिजको नियमावली लागू हुन्छ।

# 5 फ्यासिलिटिजअनुसार नियमावलीको विषयवस्तु

## 1 विद्यालय, अस्पताल, बालबालिका कल्याण संस्था (नर्सरी आदिबाहेक) प्रशासन संस्थाको भवन आदि

**टाइप 1 फ्यासिलिटिज**

### ■दायरा




- अस्पताल, मेडिकल पोस्ट, प्रसूति गृह, फार्मेसी
- नर्सिङ केयर स्वास्थ्य होम तथा मेडिकल नर्सिङ होम
- दुर्लभ रोग परामर्श सहायता केन्द्र
- इजाजतप्राप्त मालिस, अकुपञ्चर,मोक्सिबसन, जुडो थेरापिस्टको क्लिनिक
- विश्वविद्यालय ※स्नातकोत्तर विद्यालय मात्रको फ्यासिलिटिज बाहेक।
- भोकेसनल कलेज
- विभिन्न ट्रेनिङ्ग फ्यासिलिटिज
- बालबालिका कल्याण संस्था आदि*

  *विस्तृत P14 को Q4 मा लिस्ट भएकोले हेर्नुहोस्।
- किशोर सुधार केन्द्र तथा किशोर वर्गीकरण केन्द्र
- राष्ट्र तथा स्थानीय सरकारको प्रशासन संस्थाको भवन (प्रशासन संस्थाले त्यसको काम गर्नको लागि प्रयोग गर्ने फ्यासिलिटिज)

### ■नियमावली विषयवस्तु

- इनसाइड पूर्ण धूम्रपान निषेध छ। इनसाइडमा धूम्रपान गर्ने ठाउँ बनाउन पाइँदैन।
- बाहिरी धूम्रपान सिद्धान्तत: निषेध छ। बाहिर आवश्यकता पूरा गरेको निर्दिष्ट बाहिरी धूम्रपान स्थल बनाउन सकिन्छ अनि त्यही ठाउँमा मात्र धूम्रपान गर्न पाइन्छ।

## ●टाइप 1 फ्यासिलिटिजमा राख्न सकिने धूम्रपान स्थल●

**निर्दिष्ट बाहिरी धूम्रपान स्थल**

…विश्वविद्यालय र अस्पताल आदिको धूम्रपान स्थल

### ■आवश्यकता

① टाइप 1 फ्यासिलिटिजको बाहिरी ठाउँ हुनुपर्छ।
② धूम्रपान स्थल र गैर धूम्रपान स्थल स्पष्ट छुट्याउन सक्ने गरी एरिया बनाइएको हुनुपर्छ।
③ धूम्रपान गर्न पाइने ठाउँ भन्ने लेखेको साइन देखाइएको हुनुपर्छ।
④ फ्यासिलिटिजको प्रयोगकर्ताले प्राय: प्रवेश नगर्ने ठाउँमा राख्नुपर्छ। (उदाहरण) भवनको पछाडि वा छतमाथि

### ■पिउन सक्ने चुरोट

सिगरेट, सिगार, पाइप, पानी पाइप, तताउने चुरोट आदि सामान्य चुरोट

### ■अन्य ध्यान दिनुपर्ने कुराहरू


- निर्दिष्ट बाहिरी धूम्रपान स्थल राख्दा छिमेकको भवन सँगसँगै हुने ठाउँमा नराख्न ध्यान दिँदा राम्रो हुन्छ।
- टाइप 1 फ्यासिलिटिज अरूले पिएको चुरोटको धुँवाले गर्दा स्वास्थ्यमा हानि पुग्ने सम्भावना बढी भएको व्यक्तिहरूले मुख्यतया: प्रयोग गर्ने फ्यासिलिटिज भएकोले **सिद्धान्तत: कम्पाउन्डभित्र धूम्रपान निषेध** छ। त्यसैले निर्दिष्ट बाहिरी धूम्रपान स्थल राख्न सकिन्छ तर प्रोत्साहन दिएको त होइन।

## 2 किन्डरगार्डेन~हाई स्कुल · नर्सरी आदि

**टाइप 1 फ्यासिलिटिज**

### ■दायरा

- विद्यालय शिक्षा ऐन धारा 1 मा निर्दिष्ट किन्डरगार्डेन, प्राथमिक विद्यालय, माध्यमिक विद्यालय, अनिवार्य शिक्षा विद्यालय, हाई स्कुल, माध्यमिक शिक्षा विद्यालय, विशेष सहायता विद्यालय,प्राविधिक कलेज, उक्त ऐन धारा 124मा निर्दिष्ट विशेष प्रशिक्षण कलेज, उक्त ऐन धारा 134 अनुच्छेद 1मा निर्दिष्ट विभिन्न विद्यालय
- बालबालिका कल्याण ऐन धारा 39 अनुच्छेद 1 मा निर्दिष्ट नर्सरी
- अन्य त्यस्तै विद्यालय
  (विशेष प्रशिक्षण विद्यालयको उच्च कोर्स · सामान्य कोर्स, इन्टरनेसनल स्कुल, स्वीकृति पाएको बाल केन्द्र, दर्ता नभएको बाल हेरचाह फ्यासिलिटिज आदि)



### ■नियमावली विषयवस्तु

- इनसाइड पूर्ण धूम्रपान निषेध छ। इनसाइडमा धूम्रपान गर्ने ठाउँ बनाउन पाइँदैन।
- बाहिरी धूम्रपान सिद्धान्तत: निषेध छ। बाहिर निर्दिष्ट बाहिरी धूम्रपान स्थल नबनाउन प्रयास गर्नुपर्छ। (महानगर अधिनियममा माथिको दायरामा पर्नेमा निर्दिष्ट बाहिरी धूम्रपान स्थल नराख्ने प्रयास गर्ने दायित्वबारे तोकिएको छ।)

## 3 धेरैले प्रयोग गर्ने फ्यासिलिटिज (1 · 2 · 4 · 6 बाहेक)

**टाइप 2 फ्यासिलिटिज**

### ■दायरा

2 जना वा सोभन्दा धेरैले प्रयोग गर्ने फ्यासिलिटिज

(उदाहरण) कम्पनी, अफिस, व्यायामशाला, थियटर, भ्यूविङ हल, सभा हल, प्रदर्शनी हल,डिपार्टमेन्ट स्टोर, ब्यूटी पार्लर, मनोरन्जन स्थल,आवास फ्यासिलिटिज आदि




### ■नियमावली विषयवस्तु

- इनसाइड धूम्रपान सिद्धान्तत: निषेध छ। इनसाइडको कुनै भागमा आवश्यकता · प्राविधिक मापदण्ड पूरा गरेको धूम्रपान कक्ष P8 वा निर्दिष्ट चुरोट धूम्रपान कक्ष P9 राख्न सकिन्छ अनि त्यसको भित्र मात्र धूम्रपान गर्न पाइन्छ।
- बाहिर नियमावलीको दायरामा पर्दैन। तर धूम्रपान स्थल बनाउँदा त्यसको धुँवाले असर नपार्ने ठाउँमा बनाउन ध्यान दिनुपर्छ।

### ■लागू नहुने

र्योकान होटेल र होटेल आदि आवास फ्यासिलिटिजको गेष्ट रूम(निजी कोठा मात्र), मंसन र अपार्टमेन्ट आदि अपार्टमेन्ट कम्प्लेक्सको आवास कोठा(बरण्डासहित।), आवास फ्यासिलिटिजको निजी कोठा आदि कुनै व्यक्तिको आवासको लागि दिइएको ठाउँमा नियमावली लागू हुँदैन।

## 4 रेस्टुरेन्ट

**टाइप 2 फ्यासिलिटिज**

### ■दायरा

रेस्टुरेन्ट, क्याफे, अरू फ्यासिलिटिज राखेर ग्राहकलाई खानपिन गराउने व्यापार हुने फ्यासिलिटिज

### ■नियमावली विषयवस्तु

- इनसाइड धूम्रपान सिद्धान्ततः निषेध छ। इनसाइडको कुनै भागमा आवश्यकता・प्राविधिक मापदण्ड पूरा गरेको धूम्रपान कक्ष P8 वा निर्दिष्ट चुरोट धूम्रपान कक्ष P9 राख्न सकिन्छ अनि त्यसको भित्र मात्र धूम्रपान गर्न पाइन्छ।
- इनसाइड पूर्ण धूम्रपान निषेध भए पनि महानगर अधिनियमअनुसार **धूम्रपान निषेधको साइन देखाउने दायित्व** छ।

  ★ POINT यो धूम्रपान निषेधको साइन फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा देखाउनुपर्छ।
- बाहिर नियमावलीको दायरामा पर्दैन। तर धूम्रपान स्थल बनाउँदा त्यसको धुँवाले असर नपार्ने ठाउँमा बनाउन ध्यान दिनुपर्छ।
- 2020 साल 4 महिना 1 तारिखमा व्यवसाय सुरु गरिसकेको पसलको लागि अस्थायी उपायहरूबारे P10 हेर्नुहोस्।



निर्दिष्ट चुरोट धूम्रपान स्थल

### लेख धूम्रपान निषेध नगरिएको बाहिर पनि ध्यान पुर्याउने दायित्व छ!

धूम्रपान निषेध नगरिएको ठाउँमा धूम्रपान गर्ने अवस्थामा र धूम्रपान निषेध नगरिएको ठाउँमा धूम्रपान स्थल राख्ने अवस्थामा पनि वरपर चुरोटको धुँवाको असर नपर्ने गरी ध्यान पुर्याउने दायित्व छ। उदाहरणको लागि **धेरै मानिसहरू हिंड्ने फुटपाथको अगाडी धूम्रपान स्थल राख्नु पैदल यात्रीलाई चुरोटको धूँवाले असर गर्ने सम्भावना बढी भएकोले अनुपयुक्त** छ। पसलको अगाडिको धूम्रपानबारे धेरै गुनासो आउने भएकोले होसियार हुनुहोस्। साथै सडकमा धूम्रपान गर्नेबारे वडा, नगरपालिका, गाउँपालिका आफैले धूम्रपान नियम तोकेको हुनसक्छ। विस्तृत कुराहरू स्थानीय वडा, नगरपालिका, गाउँपालिकासँग पक्का गर्नुहोस्।



## ● टाइप 2 फ्यासिलिटिजमा राख्न सकिने धूम्रपान स्थल ●

### (A) धूम्रपान कक्ष

…चुरोट पिउनको लागि मात्र छुट्याइएको धूम्रपान कक्ष

### ■आवश्यकता

① टाइप 2 फ्यासिलिटिज वा ट्रेन・जहाज P12 भित्रको **एक भाग**को ठाउँ हुनुपर्छ।

★ POINT फ्यासिलिटिज भित्रको सबै ठाउँलाई धूम्रपान कक्ष बनाउन पाइँदैन।

② **मात्र** धूम्रपान गर्न सक्ने ठाउँ हुनुपर्छ।

★ POINT धूम्रपान कक्षभित्र खानपिनजस्तो **धूम्रपान बाहेक अरू कुराहरू गर्न पाइँदैन।**

③ धूम्रपान कक्षबाट फ्यासिलिटिजभित्र चुरोट धुँवा निस्केर जान नदिनको लागि मापदण्ड (तलको **प्राविधिक मापदण्ड**) पूरा गरेको हुनुपर्छ।

④ धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा निम्न बुँदाहरू सजिलै बुझ्न सकिने साइन देखाउनुपर्छ।

- धूम्रपान मात्र गर्न सकिने ठाउँ भएको कुरा
- 20 वर्षभन्दा कम उमेरको व्यक्ति प्रवेश निषेध भएको कुरा

⑤ फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा धूम्रपान कक्ष राखिएको कुरा लेखेको साइन देखाउनुपर्छ।

### ■प्राविधिक मापदण्ड

① धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारमा **धूम्रपान कक्षको बाहिरबाट भित्र छिर्ने हावाको बेग 0.2m/s वा सोभन्दा छिटो** हुनुपर्छ।

② चुरोटको धुँवा (तताउने चुरोटको वाफसमेत।) धूम्रपान कक्षबाट फ्यासिलिटिजमा निस्केर नजाओस् भनेर **भित्ता・छत आदि द्वारा छुट्याइएको** हुनुपर्छ।

③ चुरोटको धुँवा **फ्यासिलिटिज बाहिर निस्केर** गएको हुनुपर्छ।

### ■पिउन सक्ने चुरोट

सिगरेट, सिगार, पाइप, पानी पाइप, तताउने चुरोट आदि सामान्य चुरोट

### ■धूम्रपान कक्ष प्रयोग गर्दा पालन गर्नुपर्ने कुराहरू

- **कामदारसमेत 20 वर्षभन्दा कम उमेरको व्यक्तिलाई धूम्रपान कक्षमा प्रवेश गर्न दिनु हुँदैन।**
- धूम्रपान कक्ष हटाउँदा माथिको आवश्यकता ④ को साइन हटाउनुपर्छ।
- फ्यासिलिटिज भित्रको सबै धूम्रपान कक्ष हटाउँदा तुरुन्तै माथिको आवश्यकता ⑤ को साइन हटाउनुपर्छ।

### ■साइनको इमेज








## (B) निर्दिष्ट चुरोट धूम्रपान स्थल

… तताउने चुरोट भए मात्र चुरोट पिउँदै खानपिन आदि गर्न सकिने धूम्रपान कक्ष (अस्थायी उपाय हो, अन्त हुने समय अनिश्चित)

### ■आवश्यकता

① टाइप 2 फ्यासिलिटिज वा ट्रेन • जहाज P12 भित्रको **एक भाग**को ठाउँ हुनुपर्छ।

**★ POINT** फ्यासिलिटिज भित्रको सबै ठाउँलाई निर्दिष्ट चुरोट धूम्रपान कक्ष बनाउन पाइँदैन।

*ऐनअनुसार सिद्धान्ततः इनसाइड धूम्रपान निषेध भएको ठाउँमा निर्दिष्ट चुरोट धूम्रपान कक्ष राख्दा धूम्रपान नगर्ने पनि धूम्रपान गर्ने पनि सँगै ढुक्क भई फ्यासिलिटिज प्रयोग गर्न सकिने छनौट गर्न पाउनुपर्छ भन्ने विचारमा आधारित भई फ्यासिलिटिजको "एक भाग" मा राख्न अनुमति दिइएको छ त्यसैले फ्यासिलिटिजको सिटबाहेकको ठाउँलाई चुरोट निषेध बनाएर सिट सबैलाई निर्दिष्ट चुरोट धूम्रपान कक्ष बनाउने अथवा अफिसको काम गर्ने ठाउँबाहेकको ठाउँलाई धूम्रपान निषेध बनाएर काम गर्ने ठाउँ सबैलाई निर्दिष्ट चुरोट धूम्रपान कक्ष बनाउनु भनेको ऐनको उद्देश्य सँग नमिल्ने भएकोले स्विकार्य छैन।

② धूम्रपान (निर्दिष्ट चुरोट मात्र) गर्न सकिने ठाउँ हुनुपर्छ।

**★ POINT** निर्दिष्ट चुरोट धूम्रपान कक्षभित्र खानपिनजस्तो **धूम्रपानबाहेक अरू कुराहरू पनि गर्न पाइन्छ।**

③ धूम्रपान कक्षबाट फ्यासिलिटिजभित्र चुरोट धुँवा निस्केर जान नदिनको लागि मापदण्ड (तलको **प्राविधिक मापदण्ड**) पूरा गरेको हुनुपर्छ।

④ धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा निम्न बुँदाहरू सजिलै बुझ्न सकिने साइन देखाउनुपर्छ।

- धूम्रपान (निर्दिष्ट चुरोट मात्रको धूम्रपानलाई भन्छ।) गर्न सकिने ठाउँ भएको कुरा
- 20 वर्षभन्दा कम उमेरको व्यक्ति प्रवेश निषेध भएको कुरा

⑤ फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा निर्दिष्ट चुरोट धूम्रपान कक्ष राखिएको कुरा लेखेको साइन देखाउनुपर्छ।

### ■प्राविधिक मापदण्ड

① धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारमा **धूम्रपान कक्षको बाहिरबाट भित्र छिर्ने हावाको बेग 0.2m/s वा सोभन्दा छिटो** हुनुपर्छ।

② चुरोटको धुँवा (तताउने चुरोटको वाफसमेत।) धूम्रपान कक्षबाट फ्यासिलिटिजमा निस्केर नजाओस् भनेर **भित्ता • छत आदि द्वारा छुट्याइएको** हुनुपर्छ।

③ चुरोटको धुँवा **फ्यासिलिटिज बाहिर निस्केर** गएको हुनुपर्छ।

### ■पिउन सक्ने चुरोट

**तताउने चुरोट मात्र**


### ■धूम्रपान कक्ष प्रयोग गर्दा पालन गर्नुपर्ने कुराहरू

- **कामदारसमेत 20 वर्षभन्दा कम उमेरको व्यक्तिलाई निर्दिष्ट चुरोट धूम्रपान कक्षमा प्रवेश गर्न दिनु हुँदैन।**
- **फ्यासिलिटिजको व्यवसायबारे विज्ञापन गर्दा निर्दिष्ट चुरोट धूम्रपान कक्ष राखेको कुरा स्पष्ट पार्नुपर्छ।**
- निर्दिष्ट चुरोट धूम्रपान कक्ष हटाउँदा माथिको आवश्यकता ④ को साइन हटाउनुपर्छ।
- फ्यासिलिटिज भित्रको सबै निर्दिष्ट चुरोट धूम्रपान कक्ष हटाउँदा तुरुन्तै माथिको आवश्यकता ⑤ को साइन हटाउनुपर्छ।

### ■साइनको इमेज





## (C) धूम्रपान गर्न पाइने कक्ष

कामदार नभएको अनि अहिलेसम्म चल्दै आएको सानो रेस्टुरेन्टको …धूम्रपान कक्ष
(अस्थायी उपाय हो, अन्त हुने समय अनिश्चित)

### ■आवश्यकता

① **निम्न क~ग सबै पूरा गरेको अहिले सम्म चल्दै आएको रेस्टुरेन्ट**भित्रको **सबै वा एक भाग**को ठाउँ हुनुपर्छ।

**क. 2020 साल 4 महिना 1 तारिखमा व्यवसाय सुरु गरिसकेको**

**ख. फ्यासिलिटिजभित्रको ग्राहक सिटको भागको भुइँ 100㎡ वा सोभन्दा सानो**

**ग. सानो तथा मझौला कम्पनी (पूँजी वा कुल लगानीको रकम 5 करोड वा सोभन्दा कम) अथवा घरेलु व्यवसाय**

**घ. कामदार* नभएको**

★ POINT घ. महानगरको आफ्नो नियम हो।

***कामदारको परिभाषा**

श्रम मानक ऐन धारा 9 मा तोकिएको कामदार

(उदाहरण) फुलटाइम कामदार, करार कामदार, आरुबाइटो, पार्ट टाइम

※सँगै बस्ने आफन्त मात्र प्रयोग गर्ने व्यवसायमा वा अफिसमा काम गर्ने व्यक्ति अनि घरायसी काम गर्ने व्यक्ति बाहेक।

**श्रम मानक ऐन धारा 9** यो ऐनमा "कामदार" भनेको कामको प्रकार जस्तो भए पनि व्यवसायमा वा अफिसमा काम गर्ने व्यक्ति अनि ज्यालामा काम गर्ने व्यक्ति हो।

② धूम्रपान गर्न सक्ने ठाउँ हुनुपर्छ।

★ POINT धूम्रपान गर्न पाइने कक्षभित्र खानपिनजस्तो **धूम्रपानबाहेक अरू कुराहरू पनि गर्न पाइन्छ।**

③ धूम्रपान कक्षबाट फ्यासिलिटिजभित्र चुरोटको धुँवा निस्केर जान नदिनको लागि मापदण्ड (तलको **प्राविधिक मापदण्ड**) पूरा गरेको हुनुपर्छ।

④ धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा निम्न बुँदाहरू सजिलै बुझ्न सकिने साइन देखाउनुपर्छ।

- धूम्रपान गर्न सकिने ठाउँ भएको कुरा
- 20 वर्षभन्दा कम उमेरको व्यक्ति प्रवेश निषेध भएको कुरा

⑤ फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा धूम्रपान कक्ष राखिएको कुरा लेखेको साइन देखाउनुपर्छ।

※फ्यासिलिटिजभित्र सबैलाई धूम्रपान गर्न पाइने कक्ष बनाउने अवस्थामा अनि फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा ④ को साइन देखाइसकेको अवस्थामा भने आवश्यक छैन।

### ■प्राविधिक मापदण्ड

① धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारमा **धूम्रपान कक्षको बाहिरबाट भित्र छिर्ने हावाको बेग 0.2m/s वा सोभन्दा छिटो** हुनुपर्छ।

② चुरोटको धुँवा (तताउने चुरोटको वाफसमेत।) धूम्रपान कक्षबाट फ्यासिलिटिजमा निस्केर नजाओस् भनेर **भित्ता・छत आदि द्वारा छुट्याइएको** हुनुपर्छ।

③ चुरोटको धुँवा **फ्यासिलिटिज बाहिर निस्केर** गएको हुनुपर्छ।

- **कामदार नभएको आदि माथिको आवश्यकता पूरा गरेको रेस्टुरेन्टले धूम्रपान गर्न पाइने कक्षको रूपमा रेस्टुरेन्ट पूरै धूम्रपान गर्न पाइने बनाउने अवस्थामा ② मात्र पूरा गर्नुपर्छ। त्यहि अवस्थामा 20 वर्षभन्दा कम उमेरको व्यक्तिलाई पसलमा प्रवेश गर्न दिनु हुँदैन।**

(क्रमश:)

## ■पिउन सक्ने चुरोट

सिगरेट, सिगार, पाइप, पानी पाइप, तताउने चुरोट आदि सामान्य चुरोट

## ■धूम्रपान कक्ष प्रयोग गर्दा पालन गर्नुपर्ने कुराहरू

- **धूम्रपान गर्न पाइने कक्ष राख्दा स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्रलाई सूचना दिनुपर्छ।**

सूचना दिनुपर्ने बुँदाहरू

**① फ्यासिलिटिजको नाम・स्थान**
**② व्यवस्थापन अधिकारीको नाम र ठेगाना (संस्थाको प्रतिनिधिको नाम र ठेगाना)**
**③ कामदार नभएको कुरा।**

- **सूचना बुँदामा परिवर्तन गरेको वा धूम्रपान गर्न पाइने कक्ष हटाएको बेला स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्रलाई सूचना दिनुपर्छ।**
- **20 वर्षभन्दा कम उमेरको व्यक्तिलाई धूम्रपान गर्न पाइने कक्षमा प्रवेश गर्न दिनु हुँदैन।**
- **निम्न कागजात तयारी गरेर सुरक्षित राख्नुपर्छ।**

कागजातको विषयवस्तु

**① फ्यासिलिटिज भित्रको ग्राहक सिटको भागको भुइँको क्षेत्रफल सम्बन्धी कागजात**
**② कम्पनी चलाइरहेको अवस्थामा पूँजी वा कुल लगानीको रकम सम्बन्धी कागजात**
**③ कामदारलाई ज्याला तिरेको छैन भनेर देखाउने कागजात**

- **फ्यासिलिटिजको व्यवसायबारे विज्ञापन गर्दा धूम्रपान गर्न पाइने कक्ष राखेको कुरा स्पष्ट पार्नुपर्छ।**
- धूम्रपान गर्न पाइने कक्ष हटाउँदा माथिको आवश्यकता ④ को साइन हटाउनुपर्छ।
- फ्यासिलिटिजभित्रको सबै धूम्रपान गर्न पाइने कक्ष हटाउँदा तुरुन्तै आवश्यकता ⑤ को साइन हटाउनुपर्छ।
- 4 वटा आवश्यकता मध्ये कुनै लागू नहुने भएमा धूम्रपान गर्न पाइने कक्ष हटाउने सूचना सार्वजनिक स्वास्थ्य केन्द्रमा पेस गर्नुहोस्।

## ■साइनको इमेज






### लेख बच्चालाई अरूले पिएको चुरोटको धुँवाबाट जोगाऔं!

टोकियो महानगरमा परिवार र बच्चा पनि सँगै बस्ने सवारीसाधनभित्र लगायत जहाँसुकै पनि बच्चालाई अरूले पिएको चुरोटको धुँवाबाट जोगाऔं भनेर मेहनत गर्ने महानगर बासिन्दाको दायित्व आदिबारे "टोकियो महानगर बच्चालाई अरूले पिएको चुरोटको धुँवाबाट जोगाउने अधिनियम"(2018 साल 4 महिना 1 तारिखदेखि कार्यान्वयन)ले तोकेको छ।

※गन्तव्य जापानी भाषाको पृष्ठ भएकोले आफ्नो ब्राउजरको अनुवाद सुविधा प्रयोग गरेर हेर्नुहोस्।

## 5 बस, ट्याक्सी, हवाईजहाज, ट्रेन, जहाज

**■दायरा** बस, ट्याक्सी, यात्रुवाहक हवाईजहाज, यात्रुवाहक ट्रेन* 1, यात्रुवाहक जहाज* 2

＊ 1 रेलवे व्यवसाय ऐनअनुसार रेलवे अपरेटर (यात्रुवाहक मात्र।) अनि रोपवे अपरेटर (यात्रुवाहक मात्र।) अनि ट्रामवे ऐनअनुसार ट्रामवे अपरेटरले यात्रुवाहकको व्यवसायको लागि प्रयोग गर्ने ट्रेन गाडी वा सामान वाहक

＊ 2 समुद्री यातायात ऐनअनुसार जहाज अपरेटर (यात्रुवाहक मात्र।)ले यात्रुवाहकको व्यवसायको लागि प्रयोग गर्ने जहाज (जहाज ऐन धारा 1 मा तोकिएको जापानको जहाज मात्र।)

### ■नियमावली विषयवस्तु

**बस, ट्याक्सी, हवाईजहाज,** सवारीसाधनभित्र (हवाईजहाजभित्र) पूर्ण धूम्रपान निषेध छ। सवारीसाधनभित्र (हवाईजहाजभित्र) धूम्रपान गर्ने ठाउँ बनाउन पाइँदैन।

**ट्रेन, जहाज** सवारीसाधनभित्र (जहाजभित्र) सिद्धान्तत: धूम्रपान निषेध छ। सवारीसाधनभित्र (जहाजभित्र)को कुनै भागमा आवश्यकता • प्राविधिक मापदण्ड पूरा गरेको धूम्रपान कक्ष P8 वा निर्दिष्ट चुरोट धूम्रपान कक्ष P9 राख्न सकिन्छ।
तर आवासको लागि गेष्ट रूम(निजी कोठा मात्र)मा नियमावली लागू हुँदैन।

## 6 धूम्रपान उद्देश्य फ्यासिलिटिज

### ■परिभाषा

**धूम्रपान गर्ने ठाउँ उपलब्ध गर्नु नै प्रमुख उद्देश्य भएको फ्यासिलिटिज**

### ■दायरा

**सार्वजनिक धूम्रपान स्थल** इनसाइड सबै धूम्रपान स्थल मात्र भएको फ्यासिलिटिज

**धूम्रपान मुख्य उद्देश्य भएको बार, स्न्याक आदि** निम्न आवश्यकता पूरा गर्ने रेस्टुरेन्ट

① चुरोट फेस टु फेस बिक्री (पसल बाहिर बिक्री सहित।) गरिरहेको।

② सुविधा दिएर ग्राहकलाई खानपिन गराउने व्यवसाय ("प्राय: मुख्य खानाको रूपमा स्वीकार्य खाना*" उपलब्ध गर्नेबाहेक।) गरिरहेको।

*(उदाहरण) भात आदि, खाजा ब्रेड बाहेकको ब्रेड, नुडल आदि, पिज्जा पाइ, ओकोनोमियाकी आदि

**★ POINT** **धूम्रपान नगर्नेहरूलाई प्राय: अरूले पिएको चुरोटको धुँवा मन पर्दैन भनेर विचार गरिन्छ त्यसैले धूम्रपान नगर्नेले खानपिन आदि धूम्रपानबाहेकको उद्देश्य लिएर प्रयोग गर्न सकिने फ्यासिलिटिज हो भने नचाहेर पनि अरूले पिएको चुरोटको धुँवाको असरमा पर्ने सम्भावना भएकोले धूम्रपान उद्देश्य फ्यासिलिटिज हुन सक्दैन।**

**पसलभित्र धूम्रपान गर्न पाइने चुरोट बिक्री पसल** निम्न आवश्यकता पूरा गर्ने फ्यासिलिटिज

① चुरोट र धूम्रपान सामान बिक्री* (चुरोटको बिक्री फेस टु फेस बिक्री मात्र।) गरिरहेको हुनुपर्छ।

*डिस्प्ले शेल्फमध्ये चुरोट वा धूम्रपानको सामानले आधाभन्दा बढी ठाउँ ओगटेको हुनुपर्छ।




② सुविधा दिएर ग्राहकलाई खानपिन गराउने व्यवसाय नगरेको हुनुपर्छ।

### ■नियमावली विषयवस्तु

• इनसाइडको सबै वा कुनै भागमा आवश्यकता • प्राविधिक मापदण्ड पूरा गरेको धूम्रपान उद्देश्य कक्ष P13 राखेर त्यो भित्र धूम्रपान गर्न पाइन्छ।
तर धूम्रपान उद्देश्य कक्षमा 20 वर्षभन्दा कम उमेरको व्यक्ति, कामदारसमेत प्रवेश गर्न पाइँदैन।

## ■आवश्यकता

① **धूम्रपान उद्देश्य फ्यासिलिटिज**को इनसाइडको **सबै वा एक भाग**को ठाउँ हुनुपर्छ।

② धूम्रपान गर्न सक्ने ठाउँ हुनुपर्छ।

③ धूम्रपान कक्षबाट फ्यासिलिटिजभित्र चुरोट धुँवा निस्केर जान नदिनको लागि मापदण्ड (तलको **प्राविधिक मापदण्ड**) पूरा गरेको हुनुपर्छ।

④ धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा निम्न बुँदाहरू सजिलै बुझ्न सकिने साइन देखाउनुपर्छ।

- धूम्रपान उद्देश्यको ठाउँ भएको कुरा
- 20 वर्षभन्दा कम उमेरको व्यक्ति प्रवेश निषेध भएको कुरा

⑤ फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा धूम्रपान उद्देश्य कक्ष राखिएको कुरा लेखेको साइन देखाउनुपर्छ।

※फ्यासिलिटिजभित्र सबैलाई धूम्रपान गर्न पाइने कक्ष बनाउने अवस्थामा अनि फ्यासिलिटिजको मुख्य प्रवेशद्वार र प्रस्थानद्वारको सजिलै देख्न सक्ने ठाउँमा ④ को साइन देखाइसकेको अवस्थामा भने आवश्यक छैन।

## ■प्राविधिक मापदण्ड

① धूम्रपान कक्षको प्रवेशद्वार र प्रस्थानद्वारमा **धूम्रपान कक्षको बाहिरबाट भित्र छिर्ने हावाको बेग 0.2m/s वा सोभन्दा छिटो** हुनुपर्छ।

② चुरोटको धुँवा (तताउने चुरोटको वाफसमेत।) धूम्रपान कक्षबाट फ्यासिलिटिजमा निस्केर नजाओस् भनेर **भित्ता • छत आदि द्वारा छुट्याइएको** हुनुपर्छ।

③ चुरोटको धुँवा **फ्यासिलिटिज बाहिर निस्केर** गएको हुनुपर्छ।

## ■पिउन सक्ने चुरोट

सिगरेट, सिगार, पाइप, पानी पाइप, तताउने चुरोट आदि सामान्य चुरोट

## ■धूम्रपान कक्ष प्रयोग गर्दा पालन गर्नुपर्ने कुराहरू

- **कामदारसमेत 20 वर्षभन्दा कम उमेरको व्यक्तिलाई धूम्रपान उद्देश्य कक्षमा प्रवेश गर्न दिनु हुँदैन।**
- **निम्न कुराहरू देखाउने कागजात तयारी गरेर सुरक्षित राख्नुपर्छ।** (सार्वजनिक धूम्रपान स्थलबाहेक।)

**कागजातमा हुनुपर्ने विवरण** **चुरोट उद्योग ऐन धारा 22 अनुच्छेद 1 वा धारा 26 अनुच्छेद 1 को अनुमति सम्बन्धी जानकारी**

- **फ्यासिलिटिजको व्यवसायबारे विज्ञापन गर्दा धूम्रपान उद्देश्य कक्ष राखेको कुरा स्पष्ट पार्नुपर्छ।**
- धूम्रपान उद्देश्य कक्ष हटाउँदा माथिको आवश्यकता ④ को साइन हटाउनुपर्छ।
- फ्यासिलिटिजभित्रको सबै धूम्रपान उद्देश्य कक्ष हटाउँदा तुरुन्तै आवश्यकता ⑤ को साइन हटाउनुपर्छ।

## ■साइनको इमेज








# 6 अक्सर सोधिने प्रश्नहरू

## Q1 समयअनुसार फ्यासिलिटिजको प्रकार परिवर्तन गर्न सकिन्छ?

अरूले पिएको चुरोटको धुँवाको असर निवारण गर्ने दृष्टिकोणबाट प्रत्येक फ्यासिलिटिजलाई नियमावली लागू हुन्छ त्यसैले समय अनुसार फ्यासिलिटिजको प्रकार परिवर्तन गर्ने अनुमति दिइएको छैन।

## Q2 टेरैसमा धूम्रपान गर्न पाइन्छ?

भित्ता लगभग आधाभन्दा बढी नढाकिए तापनि पसलसँगको सिमा भित्ता वा सिसाको ढोका आदि द्वारा नछुट्याइएको टेरैस भएको अवस्थामा जहाँसम्म छतले ढाकेको छ त्यहाँसम्म इनसाइड ठहरिनेछ। त्यस्तो अवस्थामा धूम्रपान गर्न पाइँदैन।

## Q3 प्राविधिक मापदण्ड कसले जाँच्ने हो?

जाँच गर्ने व्यक्तिबारे केही बताइएको छैन तर प्राविधिक मापदण्ड पूरा गरेर कायम राख्नु व्यवस्थापन अधिकारीको जिम्मेवारी हो।

## Q4 P5 को बालबालिका कल्याण फ्यासिलिटिज आदिको दायरामा पर्ने फ्यासिलिटिज भनेको के हो?

बालबालिका कल्याण ऐन धारा 7 अनुच्छेद 1 मा तोकिएको बालबालिका कल्याण फ्यासिलिटिज (नर्सरी अथवा किन्डरगार्डेन र नर्सरी मिलेर सेवा गर्ने स्वीकृत बालबालिका केन्द्र बाहेक।), अपाङ्ग बालबालिका दे केयर सहायता परियोजना (होम भिजिट बालबालिका विकास सहायता वा नर्सरी आदि भिजिट सहायता मात्र गर्ने परियोजना वा यी सेवाहरू मात्र गर्ने परियोजना बाहेक।), बालबालिका आत्मनिर्भरता जीवन सहायता परियोजना, स्कुलपछि बालबालिका हेरचाह परियोजना, बालकलाई हुर्काउन छोटो अवधि सहायता परियोजना, बालकलाई हुर्काउन स्थानीय सहायता बेस परियोजना, अस्थायी हेरचाह परियोजना, रोगी बच्चाको डे केयर परियोजना, परिवार पुनर्मिलन सहायता परियोजना, सामाजिक केयर आत्मनिर्भरता सहायता बेस परियोजना, गर्भवती र सुत्केरी आदि जीवन सहायता परियोजना, बालबालिका विकास सहायता बेस परियोजना, अभिभावक र बालकको सम्बन्ध बनाउन सहायता परियोजनाको लागि प्रयोग गर्ने फ्यासिलिटिज, बालबालिका परिवार केन्द्र, बालकलाई हुर्काउन स्थानीय परामर्श संस्था भएको फ्यासिलिटिज यसमा लागू हुन्छ।

## Q5 साइन आफैले बनाए पनि हुन्छ?

आवश्यक बुँदा ("धूम्रपान गर्न पाइने ठाउँ भएको कुरा" "20वर्षभन्दा कम उमेरको व्यक्ति प्रवेश गर्न निषेध भएको कुरा") स्पष्टसित लेखिएको छ भने आफैले बनाए पनि हुन्छ।

अरू अक्सर सोधिने प्रश्नहरू "अक्सर सोधिने प्रश्नहरू"को रूपमा **टोकियो महानगर स्वास्थ्य चिकित्सा ब्युरोको होमपेज "टोकियो स्वास्थ्य स्टेसन"**मा देखाइएको छ।

※गन्तव्य जापानी भाषाको पृष्ठ भएकोले आफ्नो ब्राउजरको अनुवाद सुविधा प्रयोग गरेर हेर्नुहोस्।

# अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरूसँग सम्बन्धित नीति

■साइन स्टिकरको वितरण

फ्यासिलिटिजको प्रवेशद्वार र प्रस्थानद्वार अनि धूम्रपान स्थलमा देखाउन सकिने साइन स्टिकर वितरण गरिएको छ।
विस्तृत कुराहरू HPमा हेर्नुहोस्।

■धूम्रपान कक्ष आदि विशेषज्ञ सल्लाहकार

विशेषज्ञले धूम्रपान कक्ष राख्ने आदिबारे तपाईंको पसलमा परामर्श सहायता गर्छ र वातावरण जाँच गर्ने आदि परीक्षण गर्छ। प्रयोग गर्नुहुन्छ भने तलको फोन नम्बरमा कल गर्नुहोस्।

**सदुपयोग गर्ने उदाहरण** डिजाइन गर्दा प्राविधिक मापदण्ड पूरा गर्ने धूम्रपान कक्ष भए तापनि वास्तवमा प्राविधिक मापदण्ड पूरा नगर्ने सम्भावना भएको वा वास्तवमा प्राविधिक मापदण्ड पूरा गर्न नसकेको।

अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरूबारे अनि स्वास्थ्य प्रवर्धन ऐन तथा टोकियो महानगर अरूले पिएको चुरोटको धुँवाको असर निवारण अधिनियम सम्बन्धी सोधपुछ निम्न नम्बरलाई

**0570-069690**

सोमबार～शुक्रबार(राष्ट्रिय बिदा・वर्षको सुरु र अन्त बाहेक) 9 बजेदेखि 5 बजे 45 मिनेटसम्म

☆रिसेप्सन समयबाहेक HPको AI च्याटबट सदुपयोग गर्नुहोस्! (जापानी मात्र)

※परामर्श शुल्क नि:शुल्क हो तर कल शुल्क लाग्छ। जापानी मात्र

स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्रमा पनि परामर्श गर्न सक्नुहुन्छ।

**सार्वजनिक स्वास्थ्य केन्द्रको सम्पर्क यहाँबाट ➡**

※गन्तव्य जापानी भाषाको पृष्ठ भएकोले आफ्नो ब्राउजरको अनुवाद सुविधा प्रयोग गरेर हेर्नुहोस्।

धूम्रपान गर्न पाइने कक्ष राखेको सूचना पनि स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्र लाई गर्नुहोस्। हरेकको रिसेप्सन समय आदि पक्का गर्नुहोस्। सम्पर्क गर्ने ठाउँ र सूचना दिने ठाउँ सार्वजनिक स्वास्थ्य केन्द्रअनुसार फरक हुन सक्छ।

टोकियो महानगर स्वास्थ्य चिकित्सा ब्युरोको होमपेज "टोकियो स्वास्थ्य स्टेसन"
अरूले पिएको चुरोटको धुँवाको असरमा नपर्नको लागि उपायहरूको ताजा जानकारी दिइएको छ।

अंग्रेजी संस्करण

फ्यासिलिटिज प्रबन्धकको लागि ह्यान्डबुकको डिजिटल बुक

ह्यान्डबुकको विषयवस्तु परिवर्तन भएमा यो डिजिटल बुकलाई अपडेट गरिनेछ।

रेइवा 6 साल 10 महिना प्रकाशित छपाई नम्बर(6)113 (यो जापानी भाषा संस्करणबाट अनुवाद गरिएको हो)

टोकियो महानगर स्वास्थ्य चिकित्सा ब्युरो स्वास्थ्य नीति विभाग अन्तर्गत स्वास्थ्य प्रवर्धन विभाग ☎03-5320-4361

〒163-8001 टोकियो महानगर सिन्जुकु वडा निसी सिन्जुकु 2-8-1

KENKO FIRST TOKYO